गर्नुपर्ने र चालु पूँजी प्रकृतिका कर्जाहरुमा प्राप्त हुनु पर्ने ब्याज नियमित नभएको अवस्थामा त्यस्तो कर्जालाई ब्याज वक्यौता अवधिको आधारमा वर्गीकरण गर्नु पर्ने व्यवस्था गरिएको छ ।

कर्जा वर्गीकरण र त्यसका निमित्त कर्जा नोक्सानी व्यवस्था गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंकले खराब कर्जा सम्बन्धी थप व्यवस्थामा भाका नाघेको वा ननाघेको कुनै पनि कर्जामा देहायको कुनै कैफियत देखिएमा त्यस्तो कर्जा तथा सापटलाई खराब कर्जामा वर्गीकरण गर्नु पर्ने भनी व्यवस्था गरेको छ :

(१) ऋणी टाट पल्टेमा वा टाट पल्टेको घोषणा भएमा,

(२) ऋणी हराएमा वा गायव भएमा,

(३) कर्जा दुरुपयोग भएमा,

(४) परियोजना/व्यवसाय संचालन हुने अवस्था नरहेमा, परियोजना वा व्यवसाय सञ्चालनमा नभएमा,

(५) प्रतितपत्र, जमानत तथा अन्य सम्भावित दायित्वहरु फोर्स लोन (Force Loan) को रुपमा कोषमा आधारित कर्जामा परिणत भएको अवस्थामा त्यसरी कर्जामा परिणत भएको मितिले नब्बे दिनसम्म असुली नभएमा,

(६) कर्जा असुल हुन नसकी लिलामी प्रक्रिया शुरु भएको १८० दिन नाघेमा वा असुली प्रक्रिया अन्तर्गत अदालतमा मुद्दा चलिरहेको अवस्थामा,

(७) कर्जा सूचना केन्द्रको कालोसूचीमा कायम रहेका ऋणीलाई कर्जा प्रदान गरेको अवस्थामा,

(८) सुरक्षणको बजार मूल्यले कर्जाको सुरक्षण हुन नसक्ने भएमा,

(९) खरिद वा डिस्काउन्ट गरेको बिल्सको भुक्तानी मिति (मगभ मबतभ) ले नब्बे दिनसम्म असुली नभएमा,

(१०) कुनै व्यक्ति/फर्म/कम्पनीको नाममा रहेको कर्जा अर्को व्यक्ति/फर्म/कम्पनीले उपभोग गरेको अवस्थामा, तर एउटै समूहमा पर्ने फर्म/कम्पनीको हकमा कुल सीमा कायम गर्न बाधा पुग्ने छैन, घट

(११) टि.आर.कर्जा (Trust Receipt Loan) भुक्तानी गर्ने प्रयोजनको लागि प्रतितपत्र खोल्दाका बखत उल्लेख नगरिएको अन्य कुनै नयाँ कर्जा स्वीकृत गरी प्रवाह भएमा ।

(१२) Credit Card कर्जा भाका नाघेको मितिले नब्बे दिन भित्र अपलेखन नभएमा ।

यसैगरी नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था उपर जारी गरेको निर्देशनले आवधिक कर्जा, सुनचाँदी कर्जा, ओभर ड्राफ्ट कर्जालगायत कर्जाका पुनरतालिकीकरण र पुनरसंरचनालगायत कर्जाका ग्रेस अवधि सम्बन्धी पनि थप व्यवस्था गर्दै गैर बैंकिङ सम्पत्तीको नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा समेत थप व्यवस्था गरेको (निर्देशन नं. २ हेर्नुहोस्) पाइन्छ ।

Question Bank Nepal

(१०) रेमिटान्स (Remittance)

बैंक तथा वित्तीय संस्थाको महत्वपूर्ण कार्यको रूपमा रहेको हालको परिप्रेक्षमा कोष रकमान्तर कारोवार पनि एक हो । यस कारोवारमा बैंक तथा वित्तीय संस्थाले ग्राहकहरूको अनुरोधमा एक ठाउँबाट अर्को स्थानमा कोष रकमान्तर अथवा रकम भुक्तानीको लागि पठाउन सक्षम भएको पाइन्छ । यस कारोवार गरे बापत बैंक तथा वित्तीय संस्थाहरूलाई कमिशन प्राप्त हुने गर्दछ । विप्रेषण कारोवार खासगरी दुई वर्गमा बाड्न सकिन्छ ।

(क) अन्तराष्ट्रिय विप्रेषण (International Remittance)

कोष रकमान्तरको कारोवार गर्ने बैंक तथा वित्तीय संस्थाहरू भिन्दा भिन्दै देशमा आवस्थित हुन्छन् । यस अवस्थामा यो कारोवार विदेशी मुद्रामा हुने गर्दछ । किनभने भुक्तानी पठाउने देशको स्थानीय मुद्रा भुक्तानी पाउने देशमा खुला रूपमा लिन दिन कारोवार नहुने भएकोले सामान्यतया अन्तराष्ट्रिय स्तरको मुद्राहरू जस्तै डलर, पाउण्ड, येन, यूरो वा अन्य मुद्रामा हुने गर्दछ । यसरी हुने कारोवारमा विदेशी मुद्राको संलग्ता भइरहन्छ । यसरी विदेशी मुद्रा आफ्नो देशमा भित्र्याउने कार्य गर्ने हुनाले राष्ट्रको आयमा समेत विप्रेषण कारोवारले महत्वपूर्ण स्थान लिएको छ । साथै यसले बैंक तथा वित्तीय संस्थाहरूलाई निक्षेप बढाउन वा अन्य वैकल्पिक आयश्रोत प्राप्त गर्न सहयोग पुऱ्याएको छ । नेपालमा विप्रेषण कारोवार भारतीय मुद्रा र यु.यस. डलरमा हुने गरेको पाइन्छ । नेपालबाट बाहिर कोष पठाउँदा पनि भारतीय, मुद्रा यु.एस. डलर तथा अन्य स्थानीय मुद्राका कारोवार गरिदै आएको छ ।

(ख) राष्ट्रिय विप्रेषण (National Remittance)

आफ्नै देश वा राज्यभित्र कोष रकमान्तरको कार्य गर्ने व्यवसायलाई राष्ट्रिय विप्रेषण कार्य भनिन्छ । देश भित्रको एक ठाउँबाट अर्को ठाँउमा स्थानीय मुद्रामा नै कारोवार गर्ने गरिन्छ । खास गरी आफ्नो व्यापक संजाल (Network) भएका बैंक तथा वित्तीय संस्थाहरूलाइ यो कारोवारबाट महत्वपूर्ण सहयोग भएको पाइन्छ ।

वर्तमान समयमा भएको सूचना प्रविधिको विकासको कारणले गर्दा बैंक तथा वित्तीय संस्थाहरूले Any branch banking system को सुविधा समेत विस्तार गरेका छन् । त्यसैगरी Internet बाट पनि विप्रेषण कार्य सम्पन्न गर्न सकिने व्यवस्था वाणिज्य बैंकहरूले मिलाएको पाइन्छ । जसले गर्दा कोष रकमान्तर कार्य अत्यन्त सरल र सहज बन्न पुगेको छ । त्यसैगरी ग्राहकले कुनै एक ठाउँमा रकम जम्मा गरी आफ्नो अनुकुलताको आधारमा विभिनन स्थान र ठाउँबाट कोषको उपयोग गर्न सक्छन् ।

Question Bank Nepal

विप्रेषण कारोबारमा संलग्न पक्षहरू (Parties Involved in Remittace Business)

- Remitter: व्यक्ति वा संस्था जस्ले आफुसँग भएको रकम अरूलाई पठाउँदछ त्यसलाई Remitter भनिन्छ ।
- Remitting Bank or Agency: जसले Remitter सँग पैसा तथा कमिसन लिई Paying Bank वा Agency मार्फत् Beneficiary लाई रकम पठाउने कार्य गर्दछ त्यसलाई Remitting Bank भनिन्छ ।
- Paying Bank or Agency: जसले Remitting Bank मार्फत् पठाएको Message को आधारमा Beneficiary लाई रकम भुक्तानी दिन्छ, यसलाई Paying Bank भनिन्छ ।
- Beneficiary: त्यो व्यक्ति/संस्था जसले Remitter ले Remitting Bank मार्फत् पठाएको रकम Paying Bank बाट भुक्तानी प्राप्त गर्दछ भने त्यसलाई Beneficiary भनिन्छ ।



विप्रेषणका माध्यमहरू (Modes of Remittance)

Demand Draft

एक बैंकले आफ्नो कुनै अर्को शाखा वा अर्को कुनै बैंकबाट भुक्तानी प्राप्त गर्न खिचिएको र त्यस्तो बैंकमा प्रस्तुत गरेपछि सटही हुने माध्यम डिमान्ड ड्राफ्ट हो । ग्राहकको अनुरोधमा बैंकले ड्राफ्ट जारी गर्ने गर्दछ । यसका लागि रूपैंया पैसा पठाउने व्यक्तिले बैंकमा रकम जम्मा गरेर बैंकबाट ड्राफ्ट प्राप्त गर्ने गर्दछ र यसलाई जुन ठाउँको

Question Bank Nepal

बैंकलाई जारी गरिएको छ त्यहि ठाउँको बैंकमा लगेर पेश गरी भुक्तानी प्राप्त गर्दछ। यस्ता ड्राफ्टहरू स्वदेशी मुद्रा तथा विदेशी मुद्रा दुवैमा हुन सक्दछ।

Electronic Transfer

यो एक इन्टरनेट, वेव वा फ्याक्सको माध्यमबाट एक ठाउँबाट अर्को ठाउँमा रकम पठाउने तरीका हो। आज प्रविधीको विकाससँगसँगै बैंक वा Money Transfer Agency ले यस किसिमको प्रविधी उपयोग गरी रकम रकमान्तर कारोवार व्यापक रूपले गर्दै आएका छन्। यो तरीकाबाट रकम पठाउन बैंक वा Money Tranfer Agency सँग Internet वा Telephone को सुविधा हुन जरुरी छ। कुनै पनि व्यक्तिले एक ठाउँबाट अर्को ठाउँमा रकम पठाउँदा Remitting Agent बाट गोप्य कोड प्राप्त गर्ने गर्दछ। सोही गोप्यकोडको आधारमा Beneficiary ले Paying Agent मार्फत रकम भुक्तानी लिने गर्दछन्। यस्तो किसिमको रकमान्तर गर्नको लागि Remitter वा Beneficiary को भुक्तानी दिने बैंक वा वित्तीय संस्थामा खाता हुनु जरुरी छैन। यो रकम रकमान्तर गर्ने एक छिटो, छरितो एवं भरपर्दो माध्यम हो।

Travellers Cheque

कुनै एक देशको एक बैंकमा रकम जम्मा गरी त्यही देश वा अन्य देशका बैंकहरूबाट रकम प्राप्त गर्नेगरी जारी गरिएको चेकलाई यात्रु चेक (Travellers Cheque) भनिन्छ। यात्रु चेकलाई विप्रेषण कारोवारको एक महत्वपूर्ण माध्यमको रूपमा लिइन्छ। यात्रु चेक खास गरी विदेश भ्रमणकालागि सर्वाधिक प्रचलनमा रहेको साखपत्र हो। देश विदेश घुम्ने पर्यटकहरूका लागि नगदभन्दा यात्रुचेक लिएर भ्रमण गर्नु सुरक्षित हुने भएकोले Travellers Cheque को सुरुवात भएको हो। बैंकले ग्राहकलाई यस्तो चेक, यात्रु चेक सम्बन्धी व्यवसायमा संलग्न संस्था, प्रतिष्ठित बैंक वा वित्तीय संस्थासँग सम्बन्ध राखेर सम्बन्धित संस्थाको नामको यात्रु चेक प्राप्त गर्ने व्यवस्था मिलाउँदछ। बैंकबाट कुनै ग्राहक/यात्रुले चेक किन्न चाहेमा बैंकले जति रकमको लागि चेक माग गरिएको हो सो बराबरको रकम र केही शुल्क ग्राहक/यात्रुसँग लिएर बिक्री गर्दछ। यस्तो चेक खरिद गर्ने व्यक्तिले चेकको दुई ठाउँमा हस्ताक्षर गर्नुपर्दछ। नगद साट्ने तथा भुक्तानी लिने बेलामा चेकको प्रमाणिकताको लागि दुईवटै हस्ताक्षर मिले नमिलेको रुजु गर्ने गरिन्छ र पासपोर्टसँग पनि भिडान गर्ने गरिन्छ।

SWIFT

विश्वभरका वित्तीय संस्थाहरूबीच आर्थिक तथ्यांक प्रशोधन (Financial Data Processing) / सञ्चार (communication) को अन्तरसम्वन्ध कायम गर्ने तथा अन्तर्राष्ट्रिय वित्तीय कारोबारमा एकै प्रकारको सर्वमान्य भाषा Universal Common Language) प्रयोग गर्ने उद्देश्यले विभिन्न १५ देशका २३९ बैंकहरूको सहयोगमा वेल्जियमको ब्रसेल्समा सन १९७३ को May महिनामा सदस्य बैंकहरूको स्वामित्वमा सहकारी सिद्धान्तको आधारमा रही Society for Worldwide Interbank Financial

Question Bank Nepal

Telecommunication (SWIFT) को स्थापना गरिएको हो । यो संस्थाले आफैंले कुनै वित्तीय कारोबार भने गर्दैन तर यसले केवल बैंक तथा वित्तीय सुचनाहरू आदान प्रदान गर्दछन र यसैको आधारमा रकमको भुक्तानी हुने व्यवस्था हुन्छ ।

SWIFT विप्रेषणको एक महत्वपूर्ण माध्यम हो । अन्य माध्यमबाट एक ठाउँबाट अर्को ठाउँमा रकम पठाउने कार्य जोखिमपूर्ण हुनसक्छ । यस्तो जोखिमलाई न्युनिकरण गर्न SWIFT को प्रयोग गर्नेगरिन्छ । SWIFT सेवा छिटो छरितो एवं विश्वासनीय भएकोले विश्वभरी नै निकै प्रचलित भुक्तानीको माध्यमको रूपमा रहेको छ ।

Letter of Credit

आफ्नो ग्राहकको तर्फबाट कुनै एउटा बैंकले अर्को बैंकलाई उसको ग्राहकलाई तोकिएको लिखित शर्तहरू पुरा भएमा सोमा उल्लेखित सीमाभित्रको तोकिएको रकम तोकिएको मुद्रामा भुक्तानी दिनको लागि जारी गरेको वित्तीय आदेश नै प्रतीतपत्र हो ।

प्रतीतपत्र एउटा व्यापारिक कागजात हो, जुन कुनै एउटा बैंक (प्रतीतपत्र खोल्ने वा जारी गर्ने) ले ग्राहक (आयातकर्ता वा क्रेता) को अनुरोधमा जारी गर्दछ जस्मा अर्को बैंकले विक्रेता (निर्यातकर्ता/लाभान्वितकर्ता) ले सामान पठाउँदाका शर्तहरू पुरा गरेपछि उस्लाई भुक्तानी दिन्छ । प्रतीतपत्रलाई अन्तर्राष्ट्रिय व्यापारमा प्रयोगहुने महत्वपूर्ण विप्रेषणको रूपमा पनि लिने गरिन्छ ।

Plastic Card

Plastic Card नगद कारोबार तथा कागजी कारोबारको प्रतिस्थापन गर्ने माध्यम हो । आज यस्ता कार्डहरूको प्रयोग व्यापक हुँदै गएको छ । रकम झिक्ने वा भुक्तानी गर्ने प्रयोजनका लागि विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले Debit Card, Credit Card जस्ता उपकरणको प्रयोग गरेको पाइन्छ । यस्तो कार्डबाट ग्राहकले सजिलैसंग अर्को स्थानबाट रूपैंया झिक्न सक्दछन । यस्को प्रयोगबाट रूपैंया पैसा बोकेर हिडने झन्झट तथा आइपर्ने जोखिमहरूबाट बच्न सकिन्छ ।

विप्रेषण कारोबारको महत्व (Importance of Remittace Business)

- **बैंक तथा वित्तीय संस्थाको लागि**
  - तरलता तथा नगद व्यवस्थापन गर्नमा सहयोग ।
  - गैह्र-कोषमा आधारित व्यवसायमा वृद्धि ।
  - विदेशी मुद्रा सञ्चितिमा बृद्धि ।
  - बैंक तथा वित्तीय कारोबारमा बृद्धि ।
  - राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्धमा बृद्धि ।
  - अन्तर्राष्ट्रियस्तरमा कार्य सञ्जाल विस्तार तथा अन्तर्राष्ट्रियकरण ।
  - बचत तथा लगानीका अवसरमा बृद्धि ।

Question Bank Nepal

- **राष्ट्रको लागि**
  - रोजगारीको अवसरमा वृद्धि ।
  - अर्थतन्त्रको विकास ।
  - आर्थिक स्थायित्व ।
  - गरीवी निवारणमा सहयोग ।
  - विदेशी मुद्रा आर्जन ।
  - सामाजिक हितको कार्यमा सुधार ।
  - अस्थिरता तथा सामाजिक अपराधमा कमी ।
  - औद्योगिकिकरणमा महत्वपूर्ण भूमिका ।
  - भौतिक पूर्वाधारमा विकास ।

(११) भूक्तानीका साधनहरू (Cheque, Draft, Letters of Credit, Debit/Credit card, Electronic Transfer, BLB (Branchless Banking), ABBS, Mobile Banking) ।

चेक (Cheque)

चेक त्यो लिखित आदेशपत्र हो जसको माध्यमबाट मात्र बैंकबाट रकम/पैसा निकाल्न सकिन्छ । बैंक खातामा पैसा जम्मा गर्ने ग्राहकलाई बैंकद्वारा तयार गरिएको चेक पैसा झिक्ने प्रयोजनको निमित्त दिईन्छ । बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको रकम ग्राहकले चाहेको बेला सुरक्षित तवरबाट भुक्तानी गर्नका लागि बैंकले उपलब्ध गराउने भुक्तानी आदेश नै चेक हो । चेक खातावालाले माग्नासाथ भुक्तानी हुने (Payable) हुन्छ । यो सर्वाधिक प्रचलित साखपत्र हो । यो त्यस्तो विनिमयपत्र हो जुन बैंकमाथि खिचिएको हुन्छ र माग हुनासाथ तुरुन्तै भुक्तानी पनि हुन्छ । सामान्यतया बैंकद्वारा जारी हुने चेकमा निम्नकुराहरू समावेश भएका हुन्छन् ।

- सम्बन्धित बैंकको नाम ठेगाना
- चेक खिचिएको मिति
- चेक नं.
- रकम भुक्तानी गर्नुपर्ने व्यक्ति/संस्था (Payee) को नाम ।
- भुक्तानी गर्नुपर्ने रकम अंक र अक्षरमा लेख्ने ठाँउ ।
- ग्राहकको दस्तखत गर्ने ठाँउ ।
- चेकमा लेख्नुपर्ने अन्य कुनै विषेश आदेश लेख्ने ठाँउ ।

चेकको कारोवार बैंकतथा बैंकमा खाताभएको व्यक्ति बीच मात्र हुन्छ । चेकको माध्यमबाट बैंकले कारोवार गर्नलाई चेक कलेक्सनका रूपमा लिइन्छ । चेक कलेक्सन

Question Bank Nepal

तथा चेकमा आधारित कारोवार बैंकका विभिन्न सर्तहरूमा आधारित हुन्छ र यस्ता सर्त पुरा भएका अवस्थामा मात्र चेकको भुक्तानी हुन्छ ।

बैंकको चेक कारोवार गर्न अधिकार प्राप्त व्यक्तिले चेकमा यि सर्तहरू पूरा भए नभएको परीक्षण गरेर मात्र चेकको भुक्तानी दिनु पर्दछ। चेक भुक्तानी हुनका लागि निम्न कुराहरू पूरा भएको हुनु पर्दछ ।

- चेक खिच्ने व्यक्ति वा संस्थाको सम्बन्धित बैंकमा खाता खोलिएको हुनुपर्छ ।
- चेकमा भुक्तानीको लागि लेखिएको रकम अंक र अक्षर दुवैमा स्पष्ट रूपले लेख्नुपर्छ ।
- चेकमा उल्लेख भएको रकम खाम्ने गरी खातामा रकम जम्मा भएको हुनुपर्छ ।
- चेक लेख्ने व्यक्तिले बैंकमा दिएको नमुना बमोजिमको हस्ताक्षर गर्नुपर्दछ ।
- चेक काटेको मिति स्पष्टसँग उल्लेख गर्नुपर्दछ ।
- भुक्तानी प्राप्त गर्ने व्यक्तिले चेकको पछाडि आफ्नो हस्ताक्षर गर्नुपर्छ ।
- केरमेट भएको ठाउँमा छिटो हस्ताक्षर (सही) गरिनुपर्दछ ।

चेक खिच्ने व्यक्तिले आफ्नो कारोबारको सुरक्षाका लागि चेकमा विभिन्न प्रकारका आदेशहरू लेख्न सक्छ। यस्ता आदेश अनुसार बैंकले कारोबर गर्नु पर्ने भएकाले कारोबार सुरक्षित मानिन्छ ।

चेकका पक्षहरू (Parties in a Cheque)

चेकका प्रमुख ३ (तीन) पक्षहरू निम्न बमोजिम छन् ।

१. **Drawer** (चेक लेखक) - बैंकमा खाता हुने खातावाला जसले भुक्तानी दिनु भनी चेक लेख्दछ त्यसलाई चेक लेखक भनिन्छ ।

२. **Drawee** (भुक्तानी दिने पक्ष) - बैंक जसले सदैव ग्राहकको/खातावालाको आदेशानुसार भुक्तानी दिन्छ, त्यसलाई भुक्तानी दिने पक्ष भनिन्छ ।

३. **Payee** (भुक्तानी पाउने पक्ष) - व्यक्ति वा संस्था जसले चेकमा उल्लेखित रकमको भुक्तानी प्राप्त गर्दछ, त्यसलाई भुक्तानी पाउने पक्ष भनिन्छ ।

चेकका विशेषताहरू (Characteristics of Cheque)

- यो एउटा लोकप्रिय साखपत्र (Credit Instrument) हो ।
- यो खातावालाले सम्बन्धित बैंकलाई दिने लिखित आदेश हो ।
- चेक शर्तरहित हुन्छ जुन पूर्ण विश्वास (Good Faith) मा आधारित हुन्छ ।
- चेक निश्चित अवधिको लागि तयार गरिएको हुन्छ ।
- चेक हस्तान्तरण (Endorsement) गर्न सकिन्छ ।
- चेकमा उल्लेखित रकम माग अनुसार चेक लिई आउने वा आदेशित व्यक्ति वा संस्थालाई भुक्तानी दिईन्छ ।

Question Bank Nepal

चेकका किसिम (Types of Cheque)

चेक मुख्य गरी ३ (तीन) प्रकारका हुन्छन् जसलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

(क) वाहक चेक (Bearer Cheque) : वाहक अर्थात् चेक लिई आउने व्यक्तिलाई नै भुक्तानी दिन सकिने भएकाले यसलाई वाहक चेक भनिएको हो । यस्तो चेकमा लेखिएको रकम वाहकले चेक बैंकमा प्रस्तुत गरेपछि बैंकले उपलब्ध गराउँछ यस्तो चेकमा सुरक्षाको मात्रा न्यून रहेको हुन्छ ।

(ख) आदेशित चेक (Order Cheque) : जुन चेकमा "आदेश" (Order) शब्द लेखिएको हुन्छ र निश्चित व्यक्ति वा निजबाट अधिकृत व्यक्तिलाई मात्र भुक्तानी दिनु भन्ने उल्लेख हुन्छ त्यसलाई आदेशित चेक (Order Cheque) भनिन्छ । यस्तो चेकको भुक्तान रकम पाउने व्यक्तिले चेकको पछाडिपट्टि दस्तखत गरेपछि मात्र बैंकले निजलाई भुक्तानी दिन्छ । वाहक चेकको तुलनामा यो बढी सुरक्षित हुन्छ ।

(ग) रेखांकित चेक (Crossed Cheque) : अग्र भागमा मुख पृष्ठमै दुईवटा छड्के धर्काहरू कोरिएको हुन्छ त्यसलाई रेखांकित चेक भनिन्छ । यी दुईवटा धर्काबीच "र कम्पनी" (&.co) लेखिएको हुन्छ । यस्ता रेखाहरू सम्भावित जोखिम र त्रुटिहरूबाट बच्नका लागि खिचिएका हुन्छन् । बैंकमा खाता हुने व्यक्ति वा उसमार्फत्को व्यक्तिले मात्र रेखांकित चेकको रकम प्राप्त गर्दछ । यो चेक बढी सुरक्षित मानिन्छ । रेखांकित चेक मूलत: तीन प्रकारका हुन्छन् ।

- **(a) साधारण रेखांकित चेक (Ordinary Crossed Cheque):** चेकको माथिल्लो देब्रे कुनामा दुई समान्तर रेखा खिची सो भित्र "र कम्पनी (& co.) अथवा "विनिमय गर्न नसकिने" भन्ने शब्द लेखिएको वा नलेखिएको चेकलाई साधारण रेखांकित चेक भनिन्छ ।

- **(b) विशेष रेखांकित चेक (Special Crossed Cheque):** उक्त दुई समानान्तर रेखाहरूको बीचमा बैंकको नाम (Banks) लेखिएको भए त्यसमा विनिमय गर्न नसकिने भन्ने लेखिएको वा नलेखिएको जे भएता पनि त्यस्तो चेकलाई विशेष रेखांकित चेक भनिन्छ । यसको भुक्तानी भने चेकमा उल्लेख भएको बैंकबाट मात्र हुन्छ ।

- **(c) खाता दाखिला चेक (Only Account Payee Cheque):** दुवै रेखाहरूबीच "खाता-दाखिला मात्र" भन्ने शब्द लेखिएको चेकलाई खाता दाखिला रेखांकित चेक भनिन्छ । यस्तो चेकको भुक्तानी केवल भुक्तानी पाउने व्यक्ति (Payee) को खातामा जम्मा भएपछि मात्र नियमानुसार भुक्तानी दिइन्छ । यदि व्यक्तिको सम्बन्धित बैंकमा खाता नभएको भए खाता (Accunt) खोल्नुपर्दछ ।

(घ) यात्रु चेक (Travellers Cheque or TC) : यात्रु चेक खासगरी विदेश भ्रमणका लागि सर्वाधिक प्रचलनमा रहेको साखपत्र हो । देश विदेश घुमिरहने पर्यटकहरूका

Question Bank Nepal

लागि नगदभन्दा यात्रुचेक लिएर भ्रमण गर्नु सुरक्षित हुने भएकाले नै यस चेकको सुरुवात भएको हो । ग्राहकलाई यस्तो चेक जारी गर्ने बैंकले यात्रु चेकसम्बन्धी व्यावसायमा संलग्न संस्था, प्रतिष्ठित बैंक वा वित्तीय संस्थासँग सम्बन्ध राखेर सम्बन्धित संस्थाको नामको यात्रु चेक प्राप्त गर्ने व्यवस्था मिलाउँछ ।

- कुनै ग्राहक/यात्रुले चेक किन्न चाहेमा जति रकमका लागि माग भएको हो सो बराबरको रकम र केही दस्तुर ग्राहक/यात्रुसँग लिएर बिक्री गर्दछ । नेपालमा पनि नेपाल राष्ट्र बैंक र अन्य वाणिज्य बैंकले यस्तो चेक उपलब्ध गराउँदै आएका छन् ।
- यस्तो यात्रु चेक खरिद गर्ने व्यक्तिले चेकको दुई ठाउँमा हस्ताक्षर गर्नुपर्दछ । नगद साट्ने वा भुक्तानी गर्ने बेलामा चेकको प्रमाणिकताका लागि दुईटै हस्ताक्षर मिले नमिलेको रुजु गरिन्छ र पासपोर्टसँग पनि भिडान गरिन्छ ।

चेकको अनादर (Dishonour of cheque) : कुनै पनि बैंकद्वारा चेकमा उल्लेखित रकमको भुक्तानी दिन इन्कार गर्नु वा Cheque accept नगर्नुलाई चेकको अनादार Dishonour of cheque भनिन्छ । सामान्यतया निम्न अवस्थामा बैंकले कुनै पनि चेक अनादार गर्न सक्छ ।

- ग्राहकको मृत्यु भएको सूचना बैंकले प्राप्त गरेमा वा चेक लेख्ने व्यक्ति पागल भएको थाहा भएमा,
- ग्राहक टाट पल्टेमा,
- चेकको समयावधि पूरा भएमा,
- चेकको भुक्तानी दिन अदालतद्वारा बन्देज लगाएको अवस्थामा,
- भुक्तानी नदिन सम्बन्धित पक्षले अनुरोध गरेमा,
- चेकमा लेखिएको रकम अंक, अक्षर, ग्राहकको दस्तखत, मिति, खाता नम्बर आदि फरक परेमा,

अत: उल्लेखित अवस्थाबाहेक चेक अस्वीकार गर्ने अन्य मनासिव कारणहरू र सूचना बैंकलाई प्राप्त भएमा बैंकले चेक अनादर गर्न सक्छ ।

ड्राफ्ट (Draft)

ड्राफ्ट चेक जस्तै एक प्रकारको भुक्तानी आदेश हो । तर यसमा चेकको भन्दा केही फरक विशेषताहरू रहेका हुन्छन् । यो सम्बन्धित बैंकले ग्राहकको रकम अर्को कुनै बैंकको शाखाबाट रकम भुक्तानी हुने गरी पठाउने आदेश पत्र हो । एक स्थानबाट अर्को स्थानमा पैसा पठाउने विप्रेषण (Remittance) का विभिन्न माध्यममध्ये बढी प्रचलन रहेको माध्यम नै बैंक ड्राफ्ट हो । यसलाई हुण्डी पनि भनिन्छ । विनिमय अधिकार पत्र ऐन २०३४ को दफा २(भ) ले "ड्राफ्ट भन्नाले कुनै बैंकले आफ्नो एक कार्यालयबाट अर्को कार्यालय उपर कुनै खास व्यक्तिले वा निजले अह्राएकाले मागनासाथ भुक्तानी पाउने

Question Bank Nepal

गरी खिचेको विनिमयपत्र सम्झनुपर्छ" भनी ड्राफ्टको परिभाषा गरिएको छ। उक्त परिभाषालाई मनन गर्दा कुनै पनि बैंकले अर्को बैंकउपर भुक्तानी दिनका लागि ड्राफ्ट खिच्न सक्ने र यस्तो कार्य देशभित्रका बैंकसँग र अर्को देशको बैंकसित पनि गर्न सक्ने देखिन्छ तर यसरी ड्राफ्ट खिच्दा ती दुवै बैंकबीच घनिष्ट सम्बन्ध रहेको हुनु अनिवार्य मानिन्छ।

ड्राफ्टमा संलग्न रहने पक्षहरू

ड्राफ्टको उत्पत्तिदेखि अन्त्यसम्म विभिन्न तरिकाबाट निम्न चार पक्षहरूको संलग्नता रहेको हुन्छ।

पहिलो पक्ष : यसलाई कारोबारको सुरूपक्ष भनिन्छ। यो बैंकको ग्राहक (Sender) नै हो जसले बैंकमा गई आफूले पैसा पठाउन चाहेको व्यक्तिको नाममा ड्राफ्ट खरिद गर्दछ।

दोस्रो पक्ष : भुक्तानी पाउने Payee लाई दोस्रो पक्ष भनिन्छ। यो ड्राफ्टमार्फत् रकम भुक्तानी गर्ने प्रक्रियाको सबैभन्दा महत्त्वपूर्ण व्यक्ति मानिन्छ। यसले आवश्यक परेमा अर्को व्यक्तिलाई पनि Indorse गरी जम्मा वा भुक्तानी दिलाउन सक्छ।

तेस्रो पक्ष : ड्राफ्ट खिच्ने बैंक तेस्रोपक्ष हो। जहाँबाट ड्राफ्टको उत्पत्ति भएको हुन्छ। यस्तो ड्राफ्टको उत्पत्ति भने पहिलो पक्षको आदेशअनुसार भएको हुन्छ। पहिलो पक्षको आदेशअनुरूप ड्राफ्ट बनाउने बैंकलाई Drawer Bank पनि भनिन्छ।

चौथो पक्ष : भुक्तानी दिने बैंक नै चौथो पक्ष हो। Drawer Bank को निर्देशनअनुसार आवश्यक प्रक्रिया पूरा गरी चौथो पक्षले भुक्तानी दिने कार्य गर्दछ। तसर्थ भुक्तानी दिने बैंकलाई Drawee Bank भनिन्छ।

ड्राफ्टका विशेषताहरू

(१) ड्राफ्टमा पठाउनेको नभएर पाउनेको नाम उल्लेख भएको हुन्छ।

(२) ड्राफ्ट नम्बर, शाखा बैंकको नाम, अंक र अक्षरेपीमा रकम, प्रोजेक्टर बैंकको छाप, बैंकको आधिकारिक दस्तखत तथा मिति उल्लेख भएको हुन्छ।

(३) आधिकारिक ड्राफ्ट हो होइन भन्ने कुरा ड्राफ्टमा रहेको बैंकको आधिकारिक दस्तखतले मात्र प्रमाणित गर्न सकिन्छ।

(४) ड्राफ्टको भुक्तानी बैंकले दिनुपर्छ। यस्तो रकम खातावाला वा बैंकले चिनेको व्यक्तिको परिचय लिएमात्र भुक्तानी दिने गर्दछ।

(५) यदि ड्राफ्टमा A/C payee only उल्लेख छ भने भुक्तानी पाउने व्यक्तिको आदेश पाउने बैंकमा खाता (Account) अनिवार्य रूपमा हुनुपर्दछ। यस्तो ड्राफ्ट वापत आएको रकम सम्बन्धित व्यक्तिको खातामा जम्मा गरिन्छ र चेकमार्फत् भुक्तानी दिइन्छ।

(६) बैंक ड्राफ्टको आयु ६ महिनाको मात्र हुन्छ ६ महिनापछि स्वत: निस्क्रिय हुन्छ।

Question Bank Nepal

ड्राफ्टका प्रकारहरू (Types of Draft)

ड्राफ्टलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

(क) क्षेत्रगत आधारमा

१. **स्वदेशी ड्राफ्ट** : एउटै देशभित्रका २ बैंकहरू वा बैंकका शाखाहरू बीच कारोबार वा विनिमय हुनसक्ने ड्राफ्ट स्वादेशी ड्राफ्ट हो जसमा Drawer Bank र Drawee Bank एउटै देश भित्र रहेका हुन्छन् ।

२. **विदेशी ड्राफ्ट** : फरक फरक देशका बैंकहरूबीच ड्राफ्टको कारोवार भएमा अर्थात् Drawer Bank र Drawee Bank फरक फरक देशका भएमा त्यस्तो ड्राफ्ट विदेशी ड्राफ्ट हुन्छ ।

(ख) भुक्तानी हुने प्रकृतिको आधारमा

१. **Bearer Draft:** ड्राफ्ट लिई आउनासाथ उक्त ड्राफ्ट बाहकलाई तोकिएको रकम तत्कालै नगदमा भुक्तानी गरिन्छ भने त्यसलाई बाहक ड्राफ्ट भनिन्छ । जुन तुलनात्मक रूपमा सुरक्षित मानिदैन ।

२. **Account Payee Draft:** ड्राफ्टमा उल्लेखित रकम सोझै नगंदमा प्रदान नगरी सम्बन्धित व्यक्तिको खातामा जम्मा गरेर मात्र भुक्तानी दिईने ड्राफ्टलाई Account Payee Draft भनिन्छ । जुन तुलनात्मकरूपमा बढीसुरक्षित मानिन्छ ।

चेक र ड्राफ्टमा फरक

चेक	ड्राफ्ट
यो खातावाला व्यक्ति वा संस्थाले बैंक उपर खिचेको लिखित आदेशपत्र हो ।	यो एउटा बैंकले अर्को बैंक वा आफ्नो शाखा उपर खिचेको लिखित आदेशपत्र हो ।
चेक मार्फत् एक व्यक्तिबाट अर्को व्यक्तिलाई भुक्तान गर्ने गरिन्छ । अर्थात् भुक्तानी गर्ने कार्यमा यस्को प्रयोग बढी हुन्छ ।	ड्राफ्ट मार्फत् एक बैंकबाट अर्को बैंकमा रकम स्थानान्तरण गरिन्छ । अर्थात् रकम स्थानान्तरण गर्नमा यस्को बढी प्रयोग हुन्छ ।
यसमा निक्षेप स्वीकार गर्ने बैंक र भुक्तानी गर्ने बैंक एउटै हुन्छ ।	यसमा निक्षेप स्वीकार्ने बैंक र भुक्तानी गर्ने बैंक फरक फरक हुन्छ ।
यसमा आदेश दिने व्यक्ति वा संस्था हुन्छ ।	यसमा आदेश दिने बैंक हुन्छ ।
चेक कारोबार गर्नुअघि नै खातावालाको खातामा रकम जम्मा हुनु जरुरी छ ।	ड्राफ्ट तयार गर्ने समयमा नै रकम दिइने वा जम्मा गर्ने गरिन्छ ।

Question Bank Nepal

प्रतितपत्र (Letters of Credit)

प्रतीतपत्र भन्नाले कुनै एक बैंक वा वित्तीय संस्थाले अर्को कुनै बैंक वा वित्तीय संस्थाको नाउमा कुनै व्यक्तिको निश्चित रकमले खामेसम्मको चेक, ड्राफ्ट, हुण्डी वा विनिमय पत्र स्वीकार गर्नु भनी लेखेको पत्र सम्झनु पर्छ । Uniform Customs and Practice for Documentary Credit (2007 Revision) ICC Publication No. 600 अनुसार प्रतीतपत्र भन्नाले कुनै एक बैंकले (प्रतीतपत्र जारी गर्ने बैंकले) आफ्ना ग्राहकको अनुरोधमा अर्को बैंक मार्फत तेस्रो पक्ष (Beneficiary) लाई निश्चित रकम बराबरको भुक्तानी दिनु वा निश्चित रकम बराबरको Bills of Exchange (Draft) स्वीकार गर्नु भनी जारी गरिएको आधिकारीक पत्र हो । छोटकरीमा यसलाई Letter of Credit (LC वा L/C) अथवा Documentary Credit (DC वा D/C) पनि भन्ने गरिन्छ । यसमा बैंकले विक्रेता तथा क्रेतालाई आधिकारिक कागजात पेश गरेको आधारमा भुक्तानी दिने र लिने काम गर्दछन् ।

प्रतीतपत्रका प्रकारहरू

आयात प्रतीतपत्र

आयात प्रतीतपत्र भन्नाले कुनै ग्राहक वा आयातकर्ताले विक्रेता/निर्यातकर्ताबाट खरिद गरेको वस्तु वा सेवाको Negotiating/Collecting बैंक मार्फत् विक्रेताको पक्षमा भुक्तानी गर्नकालागि Issuing Bank बाट जारी गरिने प्रतीतपत्रलाई बुझाउँछ । आयातकर्ताले सामान आयात गर्न खोलिने यस्तो प्रतीतपत्र विक्रेताको पक्षमा रकम भुक्तानी गर्ने प्रयोजनकालागि जारी गरिन्छ ।

निर्यात प्रतीतपत्र

निर्यात प्रतीतपत्र भन्नाले विदेशबाट स्वदेशी निर्यातकर्ताको पक्षमा प्रतीतपत्र खोली आउँछ भने त्यस्तो प्रतीतपत्रलाई निर्यात प्रतीतपत्र भनी बुझ्नुपर्दछ । यो प्रतीतपत्र बिक्रेताको पक्षमा क्रेताबाट रकम भुक्तानी गर्ने प्रयोजनका लागि प्रयोग गरिन्छ ।

Irrevocable Letter of Credit

प्रतीतपत्रमा संलग्न सबै पक्षहरू (क्रेता, विक्रेता र बैंकहरू) को सहमतिबाट मात्र प्रतीतपत्रमा उल्लेखित कुनै शर्त वा सुविधा थपघट गर्न वा रद्द गर्न सकिने गरी जारी गरिने प्रतीतपत्रलाई नै Irrevocable Letter of Credit भनिन्छ । UCP-600 लागू भएपछि यस प्रकारको प्रतीतपत्र मात्र जारी गरिन्छ ।

At Sight Letter of Credit

प्रतीतपत्रको शर्त बमोजिम निर्यातकर्ताले सामान निर्यात गर्नासाथ आवश्यक कागजात Negotiating Bank मा पेश गरी बिल नेगोसिएसन (Negotiation) गरी रकम तुरुन्तै

Question Bank Nepal

(सामान्यतया ५ कार्यदिन भित्र) भुक्तानी पाउन सक्ने गरी जारी गरीने प्रतीतपत्र नै At Sight Letter of Credit हो ।

Usance Letter of Credit

यस्तो प्रतीतपत्रमा प्रतीतपत्रको शर्तअनुसार निर्यातकर्ताले आयातकर्तालाई भुक्तानी गर्न निश्चित समयको Maturity Date वा Due date दिएको हुन्छ । आयातकर्ताले बैंकमा रकम नबुझाई बैंकबाट Document लिन सक्ने अर्थात् आयातकर्ताबाट रकम भुक्तानी नलिईकनै पनि बैंकले Document उपलब्ध गराउने गर्दछ ।

Deferred Payment Letter of Credit

यस्तो प्रतीतपत्रको रकम लामो अवधिसम्म किस्तावन्दी रुपमा भुक्तानी गर्न सक्ने व्यवस्था रहेको हुन्छ । यस्तो प्रतीतपत्र अन्तर्गत धेरै जसो ठूलो रकमको सामान आयात गर्दा निर्यातकर्ताले आयातकर्तालाई विस्तारै रकम चुक्ता गर्न सहुलियत प्रदान गरेको हुन्छ ।

Confirmed L/C

कुनै एउटा बैंकले जारी गरेको प्रतीतपत्रमा, प्रतीतपत्र प्राप्त गर्ने बैंक आफैं वा अर्को बैंकले Confirmation Add गर्दछ भने त्यसलाई Confirmed L/C भनिन्छ । यस प्रकारको प्रतीतपत्रमा भुक्तानी गर्ने दायित्व प्रतीतपत्र जारी गर्ने बैंक सरह नैं Confirming Bank को पनि रहने हुँदा निर्यातकर्ता बढी सुरक्षित हुन्छ ।

Unconfirmed L/C

यदि Issuing Bank ले जारी गरी पठाएको प्रतीतपत्रलाई Confirmation Add नगरी कार्यान्वयनमा ल्याइन्छ भने त्यसलाई Unconfirmed L/C भनिन्छ । यस प्रकारको प्रतीतपत्रमा Issuing Bank बाहेक अन्य कुनै बैंकले भुक्तानीको लागि थप प्रतिबद्धता जारी गरेको हुँदैन ।

Revolving Letter of Credit

प्रतीतपत्रमा उल्लेख भएको निश्चित रकमसम्मको निश्चित सामानको परिमाण, तोकिएको निश्चित समय तालिका वा समय भित्र पटक पटक प्रयोग हुने प्रतीतपत्र नै Revolving Letter of Credit हो । अर्थात् एउटै प्रतीतपत्रमा निश्चित समय र निश्चित रकमसम्मका लागि पटक पटक गरी सामान चलानी गर्न सकिने शर्तहरू मान्य हुने गरी सीमा तोकिएको प्रतीतपत्रलाई नै Revolving Letter of Credit भनिन्छ ।

Back to Back Letter of Credit

सामान बिक्री गर्ने सप्लायर आफै उत्पादक नहुने वा त्यस्ता सामान आफुसँग स्टकमा नहुने अवस्थामा बजारमा अन्य उत्पादक वा दोस्रो सप्लायर मार्फत सामान खरिद गरी

Question Bank Nepal